# खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालन विधी, २०७६

## प्रस्तावना

नेपालमा पशुपन्छीको कूल मासु उत्पादन ३४३१३०, मे.ट रहेकोमा वाखा बाट करिब २० प्रतिशतको योगदान रहेको देखिन्छ। बिगत पाच बर्षको तथ्याक हेर्ने हो भने बाखा को सख्या करिब १४ प्रतिशत ले बढेको देखिन्छ। बर्षेनी करिब ४० लाख खसि, बोका, बाखा बजारमा आउने अनुमान गरिए पनि बढी रहेको मासुको माग लाइ पुरा गर्न बर्षेनी करिब ३ लाखको सख्यामा छिमेकी मुलुक बाट खसी बोका हरु आयात भइ रहेको छ। यसरी बर्षेनी ६ देखि ७ अर्ब रुपैया खसि बोका मात्र खरिद गर्न बाहिरिएको छ। व्यवशायिक बाखापालन तर्फ कृषकहरुको बढ्दो आकर्षणका साथै पिछडिएका वर्ग, महिला तथा विपन्न वर्गको आयआर्जन, रोजगारी श्रृजना र गरिवी न्यूनिकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुबाट वाखा वितरणका कार्यक्रम भैरहेकोमा उक्त कार्यको लागि उच्च उत्पादन क्षमता भएका बाखाको नश्ल अपर्याप्त भएको सन्दर्भमा नश्ल सुधार गरि उत्पादकत्व वृद्धि गर्न, जातिय संरक्षण गर्न र यसको व्यवशायिकरण तथा बजारिकरण को लागि आवश्यक संख्यामा दिगो रुपमा खसीबोकाको उपलब्धता सहज गराउन खसीबोकामा आत्मनिर्भर कार्यक्रम को आवश्यकतालाइ महसुस गरि, राष्ट्रिय कृषि नीति २०६१ को उद्वेश्यहरु तथा नेपाल सरकारको आ.व २०७६।७७ को नीति तथा कार्यक्रमको बुदा न ७१ मा उल्लेखित "कृषि तथा पशुपन्छीजन्य प्रमुख खाद्यवस्तुहरुको उत्पादनमा तीव्र वृद्धि गर्दै मुलुकलाइ आत्मनिर्भर बनाइनेछ " उद्वेश्यको प्रभावकारी कार्यान्वयनका देहायको कार्यक्रम संचालन विधि पशु सेवा विभागबाट जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्य संचालन विधिको नाम "खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालन विधी, २०७६" रहेको छ।

ख. यो कार्य संचालन विधि नेपाल सरकार, पशु सेवा विभाग बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्य संचालन विधिमा,

क. "कार्य संचालन विधि " भन्नाले खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालन विधी, २०७६ सम्झनु पर्छ।

ख. "मन्त्रालय " भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

ग. "विभाग " भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ।

घ. "नमुना शहर " भन्नाले अनुसुची १ मा उल्लेखित शहर सम्झनु पर्छ।

ङ. "समिति " भन्नाले यस कार्यक्रममा आवद्ध कृषक समिति सम्झनु पर्छ।

च. "कृषक " भन्नाले कार्यक्रममा आवद्ध बाखापालक कृषक सम्झनु पर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

महानिर्देशक

(छ) " पकेट क्षेत्र " भन्नाले बाखापालनको पकेट क्षेत्रलाई सम्झनु पर्छ ।

(ज) "कार्यालय " भन्नाले राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय सम्झनु पर्छ ।

(झ) " पशु सेवाका निकाय " भन्नाले भेटेरीनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द सम्झनु पर्छ ।

(ञ) "कार्यक्रम " भन्नाले खसीबोकामा आत्मनिर्भर कार्यक्रम सम्झनु पर्छ ।

३. उद्धेश्यहरु

- नेपालको भौगोलिक क्षेत्र तथा हावापानी सहाउँदो स्थानिय तथा वर्णशंकर बाखाको नश्ल सुधार गरि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने,
- कृषक समुदायमा दिगो र सहभागितामुलक बाखा पालन प्रणालि स्थापित गर्दै खसीबोकाको सहज आपुर्तिमा टेवा पुरयाउँदै क्रमिक रुपमा आयात प्रतिस्थापन गर्ने,
- बाखापालन व्यवसायको मुल्य श्रृंखलामा उत्पादक देखि वितरक सम्म दिगो सम्बन्ध बनाई आय आर्जन तथा रोजगारीका अवसर वृद्धि गर्ने ।

४. कार्यनीति : दफा ३ को उद्धेश्य प्राप्तिका लागि देहायको कार्यनीति अपनाईनेछ ।

(क) निजी बाखापालक फार्म, कृषक समुदायमा आधारित समुह, समिति र सहकारी संस्था मार्फत खसीबोका उत्पादनको रुपमा बाखापालनलाई व्यवशायीकरण गर्दै लगिनेछ ।

(ख) बाखाको उत्पादन मापदण्डको अभिलेखिकरण, विश्लेषण र छनौट प्रकृयाको अवलम्वनबाट नश्ल सुधार गर्दै उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ ।

(ग) व्यवशायिक बाखापालनका लागि चाहिने व्यवस्थित खोर, नश्ल सुधार, आहार, स्वास्थ्य, बजार व्यवस्थापन एवं कृषकको क्षमता अभिवृद्धिका कार्यक्रमहरुको प्याकेज क्रमिक रुपले उपलब्ध गराई नमुना बाखापालनको रुपमा क्षेत्र विकास गरिनेछ ।

(घ) संचालित कार्यक्रमको अवधि समाप्ति पछि पनि सम्वन्धित साझेदारले यसलाई निरन्तरता दिई दिगो बनाउनेछ ।

(ङ) निजी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र सहकारी संस्था को सहकार्यमा कार्यक्रम संचालन गर्न सकिने छ ।

५ कार्यक्रमको अवधि : यस कार्यक्रमको अवधि ५ वर्षको हुनेछ । कार्यक्रमको सफलता र प्रभावकारिताको आधारमा कार्यक्रमलाई थप निरन्तरता दिईनेछ ।

६. कार्यक्रम संचालन हुने जिल्ला तथा स्थान :

पहिलो वर्ष : १० नमुना शहर केन्द्रित स्थानहरुमा

- फिदिम : पाँचथर
- बसन्तपुर : तेह्रथुम
- खुर्कोट : सिन्धुलि
- बैरेनी गल्छी : धादिङ
- डुम्रे भन्सार : तनहुं
- बुर्तिबाङ : बाग्लुङ
- चौरजहारी : रुकुम
- राकम : दैलेख
- साफेबगर : अछाम
- पाटन : बैतडी

दोस्रो वर्ष : नमुना शहर केन्द्रित जिल्ला संग जोडिएका अन्य १० जिल्लाहरु : भोजपुर , धनकुटा, रामेछाप, नुवाकोट, लमजुङ, पर्वत, सल्यान, सुर्खेत ,बाजुरा, डडेलधुरा ।

तेस्रो वर्ष : नमुना शहर केन्द्रित जिल्ला संग जोडिएका अन्य थप १० जिल्लाहरु : ताप्लेजुङ, संखुवासभा, दोलखा, गोरखा, पाल्पा, म्याग्दी, जाजरकोट, कालिकोट, बझाङ, डोटी ।

७. कार्यक्रम संचालनका लागि क्षेत्र छनौट का आधारहरु :

- व्यवस्थित तथा दिगो रुपमा व्यवशायिक बाखा विकासको लागि कृषकको सामाजिक तथा आर्थिक अवस्था अनुकुल रहेका बाखा पकेट क्षेत्र,
- घासको विकास भएको वा विकास गर्न सकिने भू बनोट तथा हावापानि भएको क्षेत्र,
- बाखापालन विस्तारको पर्याप्त संभावना भएको,
- बजार तथा बजारिकरणको सम्भावना भएको,
- आधारभुत तथ्यांक सर्वेक्षणको प्रतिवेदनले औंल्याएका क्षेत्रहरु ।

८. कार्यक्रम संचालनको लागि साझेदार संचालक छनौटका आधारहरु :

- नमुना शहरको बजारलाई लक्षित गरि व्यवशायिक बाखापालन गरिरहेको,

- निजी व्यवशायिको हकमा कम्तिमा २० प्रजनन् योग्य माउ बाखा पालन गरिरहेको,समुह, समिति वा सहकारीको हकमा १० जनाको एक समुह र समुहका प्रत्येक सदस्यले कम्तिमा ५ प्रजनन् योग्य माउ बाखा पालन गरिरहेको,
- समुह वा सहकारीका सदस्यहरु एक अर्काको नजिकको क्षेत्रमा रहेको,
- घाँस खेतीमा आधारित (प्रति ३ बाखा २ रोपनि क्षेत्रफलमा घाँस खेती गरेको वा गर्नका लागि आफ्नो स्वामित्वको जग्गा भएको वा सोहि प्रयोजनका लागि कम्तीमा ५ वर्षको जग्गा करारनामा भएको) पशुपालन गरेको,
- नेपाल सरकारको पशु बीमा कार्यक्रममा सहभागि भएको.

५. सेवा संचालन प्रकृया

क . सुचना प्रकाशन

- कार्यक्रम संचालनको लागि नमुना शहर क्षेत्रमा सर्वप्रथम आधारभुत तथ्यांक सर्वेक्षण गर्ने कार्य गरि सो को प्रतिवेदन लाई शुरुको आधारभुत तथ्यांक (वेस लाईन डाटा) को रुपमा प्रयोग गरिनेछ । सो कार्यका लागि सुचना प्रकाशन, सर्वेक्षक संस्था छनौट गर्ने कार्य यस कार्यालयले गर्नेछ ।
- कार्यक्रममा निजी व्यवशायि, समुह, समिति वा सहकारी लाई सहभागिताका लागि अनुसुची २ अनुसारको सुचना प्रकाशन यस कार्यालयले गर्नेछ ।

ख) प्रस्ताव संकलन तथा छनौट

- सुचना वमोजिम कार्यक्रममा सहभागि हुन ईच्छुक कृषकहरुले कार्यक्रममा सहभागी हुन अनुसुची ३ र ४ वमोजिम संक्षिप्त कार्ययोजना सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मा पेश गर्नेछन ।
- पेश भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेशन, मुल्यांकन गरि साझेदार संचालक छनौट गरिनेछ सो कार्यका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र यस कार्यालयवाट प्राविधिक लाई खटाईनेछ ।

ग) मुल समिति गठन, अभिमुखिकरण र कार्ययोजना तयारि

- प्रत्येक जिल्लामा छनौट भएका साझेदार संचालकका कृषकहरु वा समुहलाई प्रतिनिधित्व गराई प्रत्येक १० जनाको एक समुह वाट १ जनाको प्रतिनिधित्व हुने गरि ११ सदस्यिय मुल समिति गठन गरिनेछ । उक्त मुल समितिको सचिवको जिम्मेवारि यस कार्यालयवाट यस कार्यक्रम संचालनार्थ छनौट गरिएको सामाजिक परिचालक हुनेछ । कार्यक्रमको प्रभावकारिताका आधारमा तथा स्विकृत कार्यक्रम अनुसार थप समुह गठन गरिनेछ ।

नेपाल सरकार

- कार्यक्रमबारे अभिमुखिकरण गरि, सरोकारवाला पशु सेवा का निकायहरुको प्रत्यक्ष संलग्नतामा ५ वर्षे व्यवशायिक बाखापालन प्रवर्द्धन तथा बजारिकरण कार्ययोजना निर्माण गरिनेछ ।

## घ) प्रवर्द्धनात्मक कार्यक्रमहरु

- छनौट भएका साझेदार संचालकका लागि बाखापालन कार्यक्रम प्रवर्द्धन गर्न आहारा व्यवस्थापनका लागि डालेघास तथा भुइँ घास उत्पादन तथा प्रवर्द्धन, नश्ल सुधारका लागि उन्नत नश्लको बोका वितरण (एक समूह : १ बोका) तथा पशु स्वास्थ्य प्याकेज कार्यक्रम अन्तरगत संक्रामक रोग विरुद्ध खोप र परजीवि नियन्त्रणका कार्यक्रम यस कार्यालय संग सम्झौता गरि पशु सेवाका निकायहरु संगको प्रत्यक्ष समन्वयमा संचालन गरिनेछ ।
- सो कार्यका लागि आवश्यक पर्ने बजेट चालु अनुदान अन्तरगत ५० प्रतिशत अनुदानको रुपमा साझेदार संचालकले आफ्नो तर्फको कार्य सम्पादन गरेको प्रमाण पेश गरेपछि सो को अनुगमन, मुल्यांकन गरि निजको बैंक खातामा जम्मा गरिनेछ ।
- प्रजनन बोकाको मापदण्ड पशु सेवा विभाग ले तोके बमोजिम हुनेछ ।

## ङ) बजार तथा बजारिकरण

- उत्पादित खसिबोकाको बजारिकरण एव ढुवानीका लागि आवश्यक पर्ने सवारी साधन खरिद तथा रिमोडलिङ (पशु कल्याण मैत्री) का लागि प्रत्येक नमुना शहर का लागि एक साधनको उपलब्धताका का लागि प्रतिस्पर्धात्मक अनुदान का आधारमा ५० प्रतिशत अनुदान वा विनियोजित बजेट (जुन कम हुन आउंछ) सहयोग यस कार्यालय बाट गरिनेछ । यस्तो सहकार्य गर्दा लाभग्राहि ले सो क्षेत्रका खसीबोका ढुवानी गर्ने कार्य पहिलो प्राथमिकता भएको प्रतिवद्धता पत्र जाहेर गर्नुपर्नेछ ।
- ढुवानी सवारी साधनको रिमोडलिङ को सुचना तथा मापदण्ड अनुसुची ५ बमोजिम हुनेछ ।
- पशु सेवाका निकायहरुको प्रत्यक्ष समन्वयमा संकलन केन्द्रको पहिचान तथा बजार सेवा समितिको गठन एव संचालन गरिनेछ ।
- वधस्थल र मासु पसल सुधार गर्दा व्यवसायीहरुको स्वामित्वमा अधिकतम ५० प्रतिशत सम्म साझेदारी गरिने छ ।
- उत्पादक देखि उपभोक्ता सम्मका सबै सरोकारवालाहरुलाइ बजार मुल्य श्रृखलामा आवद्ध गराइनेछ ।

## च) सामाजिक परिचालकको व्यवस्था

- प्राविधिक कार्यहरु का लागि एक मुल समिति एक प्राविधिक सामाजिक परिचालक (पशु विज्ञानमा कम्तिमा जेटिए उत्तिर्ण) को व्यवस्था प्रतिश्पर्धात्मक छनौट प्रणालि बमोजिम यस कार्यालयले गर्नेछ । सो कार्यका लागि सुचना प्रकाशन, निवेदन संकलन तथा अन्तरवार्ताको माध्यमबाट सामाजिक परिचालक छनौट कार्य यस कार्यालयले गर्नेछ । कार्यक्रम अवधि भर निजको पारिश्रमिक यस कार्यालयले साझेदारको खातामा जम्मा गर्नेछ ।
- सामाजिक परिचालक नियुक्त गर्दा सम्भव भएसम्म स्थानिय लाई प्रोत्साहन गर्नुपर्नेछ ।
- परिचालकको काम, कर्तव्य र अधिकार तर्पाशल बमोजिम हुनेछ :

  - ✓ अभिलेखिकरण, नियमित तथ्यांक संकलन र मासिक प्रगति प्रेषण,
  - ✓ समुह समिति गठन तथा परिचालनमा सहयोग गर्ने,
  - ✓ बजारीकरणमा सहयोग गर्ने,.
  - ✓ प्राविधिक कार्यहरु जस्तै :उपचार तथा खोप सेवा प्रदान गर्ने,
  - ✓ साझेदार संचालक मुल समितीको प्रत्यक्ष समन्वयमा कार्य गर्ने,
  - ✓ मुल समितिको सदस्य सचिव भई जिम्मेवारि वहन गर्ने,
  - ✓ यस कार्यालय तथा मुल समितिबाट कार्यक्रम सम्वन्धि लगाएका अन्य कार्यहरु गर्ने,
  - ✓ निजको मासिक पारिश्रमिक वढीमा नेपाल सरकारको रा.प.अन. द्धितिय (प्रा) कर्मचारि सरह हुनेछ ।

छ) कार्यक्रम अनुगमन

यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन मन्त्रालय, विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय तथा पशु सेवाका अन्य सरोकारवाला निकायहरुबाट हुनेछ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु विभाग मार्फत मन्त्रालयमा यस कार्यालयले पठाउनु पर्नेछ ।

ज) विविध

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तर्पाशल बमोजिमको समिति रहनेछ ।

१. **खसीबोकामा आत्मनिर्भर केन्द्रिय कार्यान्वयन समिति**

संयोजक : महानिर्देशक , पशु सेवा विभाग

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

सदस्य : उप महानिर्देशक, पशुपन्छी आनुवांशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा, पशु सेवा विभाग

सदस्य : उप महानिर्देशक, पशु क्वारेन्टाइन महाशाखा, पशु सेवा विभाग

सदस्य : उप महानिर्देशक, पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा, पशु सेवा विभाग

सदस्य : प्रमुख, आयोजना समन्वय ईकाइ, पशु सेवा विभाग

सदस्य : प्रमुख, भेडा बाखा प्रवर्द्धन कार्यक्रम, नार्क

सदस्य : अधिकृत प्रतिनिधि, पशुपंक्षी व्यवशाय प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सदस्य : प्रतिनिधि , केन्द्रिय बाखा व्यवशायी संघ

सदस्य : प्रतिनिधि, कृषि उधम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ

सदस्य : अधिकृत प्रतिनिधि, योजना तथा अनुगमन शाखा, पशु सेवा विभाग

सदस्य सचिव : प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

समितिले आमन्त्रित सदस्यका रुपमा विज्ञ तथा अन्य सरोकारवालाहरुलाइ राख्न सक्नेछ ।

समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक अनिवार्य रुपमा बस्नेछ, आवश्यकता अनुसार बैठक थप हुनेछ ।

**केन्द्रिय बाखा व्यवसाय समन्वय समितिको काम कर्तब्य र अधिकार**

- खसीबोकामा आत्मनिर्भरका कार्यक्रमहरु तर्जुमा, बजेट विनियोजन तथा व्यवस्थापन मा समन्वय गर्ने,
- कार्यक्रम संग सम्बन्धित कार्यविधी स्विकृति, संशोधन तथा परिमार्जनका लागि सरोकारवाला निकायहरु संग समन्वय गर्ने,
- कार्यक्रमको सहजताका लागि अनुसूचीहरु थपघट गर्ने,
- कार्यक्रमको नियमित अनुगमन तथा मूल्याकन गर्ने, गराउने ।

महानिर्देशक

अनुसूची १

...कास मन्त्रालय

१० नमुना शहरहरु तपशिल बमोजिम हुनेछन् ।

- फिदिम : पाँचथर
- बसन्तपुर : तेह्रथुम
- खुर्कोट : सिन्धुलि
- बैरेनी गल्छी : धादिङ
- डुम्रे भन्सार : तनहुँ
- बुर्तिवाङ : बाग्लुङ
- चौरजहारी : रुकुम
- राकम : दैलेख
- साफेबगर : अछाम
- पाटन : बैतडी

अनुसुची २

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक सुचना प्रकाशन मिति ............**

यस कार्यालयको आ.व................. को बार्षिक स्विकृत कार्यक्रम अनुसार .................. जिल्लामा पशुजन्य उत्पादन मध्ये खसीबोका लाइ आत्मनिर्भर योग्य वस्तुको रुपमा स्थापित गर्दै व्यवशायलाइ स्वरोजगार प्रवर्द्धन उधमको रुपमा व्यवस्थापन गर्न इच्छुक बाखापालक व्यक्ति समुह संघ सहकारी कम्पनी ले यो सुचना प्रकाशन भएको मितिले ....... दिन भित्र सम्बन्धित जिल्लाको भेटेरीनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा सम्पर्क कार्यालयमा शिलबन्दि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ । साथै कार्यक्रम संचालन प्रकृया र अन्य थप जानकारी का लागि पशु सेवाका निकायहरु वा यस कार्यालयको वेबसाइट www.nlrmpo.gov.np मा रहेको **खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालन विधी - २०७६** हेर्नुहुन अनुरोध गरिन्छ ।

अनुसुची ३

## खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालनमा सहभागीहुनका लागि दिइने निवेदनको ढांचा

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भेटेरीनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ....................

विषय खसीबोकामा आत्मनिर्भर कार्यक्रममा सहभागी गराइ दिने बारे ।

महोदय,

मिति २०७६ गतेको ................राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम हामीलाई उक्त कार्यक्रममा सहभागी भई कार्य गर्ने तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी एकल संयुक्त रुपमा निवेदन गर्दछु गर्दछौं । म हामी कार्यक्रम संचालन प्रकृयामा समावेश भएमा निर्धारित प्रकृया तथा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्दछु गर्नेछौं ।

पुनश्च : तर्पासिल अनुसारका कागजातहरु यसै निवेदन साथ सलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु गर्दछौं ।

तर्पासिल

- ✓ अनुसूची ४ अनुसारको संक्षिप्त कार्ययोजना
- ✓ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- ✓ फर्म समुह समिति सहकारी कम्पनी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी
- ✓ अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु
- ✓ परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
- ✓ पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
- ✓ परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको नाम, ठेगाना :
दस्तखत :
छाप :

अनुसूची-४

खसीबोकामा आत्मनिर्भर कार्यक्रम सहभागीताका लागि पेश गर्ने कार्ययोजना

व्यावशायिक फार्मको नाम :

सचालक :

ठेगाना :

सम्पर्क नं :

संचालन गरिने कार्य विवरण तथा लगानीको श्रोत

| क्र सं | संचालन गरिने कृयाकलापहरु | साझेदारको लगानी रु | कार्यक्रमबाट अपेक्षा गरिएको लगानी रु | जम्मा रु |
|---|---|---|---|---|
| १ | खोर निर्माण सुधार, बारबन्देज, जैविक सुरक्षा व्यवस्थापन | | | |
| २ | बजार तथा बजारिकरण | | | |
| ३ | दानाको तयारि तथा भण्डारण व्यवस्था | | | |
| ४ | पाठापाठी, बोका तथा माउ व्यवस्थापन | | | |
| ५ | अन्य पूर्वाधार विकास तथा व्यस्थापन | | | |
| ६ | उपकरण तथा मेशीनरी औजार | | | |
| ७ | अन्य | | | |
| ८ | | | | |
| ९ | कुल जम्मा | | | |

विगतको अनुभव :

हालको स्टक :

हालको पूर्वाधारहरुको बनोट तथा अवस्था :

श्रम व्यवस्थापन :

उत्पादित वस्तुको बजार :

बजार संगको समन्वय :

निवेदकको नाम, ठेगाना

दस्तखत :

छाप :

अनुसुची ५

५.१ ढुवानी साधनको रिमोडलिङ को सुचना

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालनका लागि ढुवानी साधन रिमोडलिङ को प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक सुचना प्रकाशन मिति ............**

यस कार्यालयको आ.व................. को वार्षिक स्विकृत कार्यक्रम अनुसार ................. जिल्लामा संचालित **खसीबोकामा आत्मनिर्भर कार्यक्रम** अन्तरगत उत्पादन हुने खसीबोका ढुवानी गर्नका लागि इच्छुक व्यक्ति समुह संघ सहकारी कम्पनी ले यो सुचना प्रकाशन भएको मितिले ....... दिन भित्र सम्बन्धित जिल्लाको भेटेरीनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मा शिलबन्दि प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ । साथै कार्यक्रम संचालन प्रकृया र गाडीको रिमोडलिङ सम्बन्धि विस्तृत जानकारी का लागि पशु सेवाका निकायहरु वा यस कार्यालयको वेवसाइट www.nlrmpo.gov.np मा रहेको **खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालन विधी - २०७६** हेर्नुहुन अनुरोध गरिन्छ ।

**५.२ खसीबोकामा आत्मनिर्भर कार्यक्रम संचालनका लागि ढुवानी साधन रिमोडलिङ को प्राविधिक स्पेशिफिकेशन**

पशु ढुवानी मापदण्ड, २०६४ को परिच्छेद ४ को बुँदा नं १६ र १७ बमोजिम पशु ढुवानी गर्ने यातायातको साधनमा देहायको व्यवस्था गरिएको हुनु पर्नेछ ।

क. पर्याप्त हावाको आवागमन हुने व्यवस्था,

ख. भुई वा सतहमा ढुवानी गरिने पशु नचिप्लने गरी सोत्तर हालेको हुनुपर्ने,

ग. मलमुत्र सजिलै बगेर जान सक्ने व्यवस्था, घामपानीबाट जोगिने छाना र चोट नलाग्ने गरी नरम वस्तु सहितका भित्ता आदिको व्यवस्था भएको हुनुपर्ने,

घ. ढुवानी गर्दा गाडीमा चाहिने सतहको अनुमानित क्षेत्रफल : भेडाबाखाको लागी ०.२ देखि ०.३ वर्ग मिटर प्रति पशु हुनुपर्ने,

रिमोडलिङ डिजाईन :

- ✓ ढुवानी सवारी साधन अनिवार्य रुपमा मिनी ट्रक हुनुपर्नेछ.
- ✓ गाडीमा बाखा राख्ने ठाउ १२ फिट लम्बाइ, ७.५ फिट चौडाइ र ८ फिट उचाइ भएको
- ✓ बाखा राख्नका लागि माथिल्लो र तल्लो गरी २ वटा तला भएको । प्रत्येक तला १२ फिट लम्बाइ, ७.५ फिट चौडाई र ४ फिट उचाई भएको,
- ✓ गाडीमा पर्याप्त हावाको आवागमनका लागि दायाँ र बायाँ भित्तामा गरि २/२ का दरले जम्मा ४ झ्याल को व्यवस्था गरिएको, जाडोमा चिसो र वर्षामा पानीबाट बच्नका लागि यी झ्यालहरु चाहिएको जति खोल्न र बन्द गर्न मिल्ने किसिमको भएको,
- ✓ गाडीको दुवैतिरको भित्ताको बाहिरी भागमा २/२ गरि जम्मा ४ भर्‍याङहरु राखिएको, ढुवानीको दौरान समय समयमा यसैको सहाराले झ्यालबाट बाखाको स्वास्थ्य स्थिति हेर्न सकिने भएको ,
- ✓ बाखाको पिसाव सजिलै बगेर जाने व्यवस्था गरिएको, यसका लागि दुवै तलाको सतहको दाया बायाँ भित्ता तिर ठाउँठाउँमा प्वाल राखिएको, त्यहाँबाट पिसाव पाइपको माध्यमबाट बग्दै २० लिटर क्षमता भएको संकलन ट्याकमा जम्मा हुने,
- ✓ गाडीको माथिल्लो र तल्लो तलालाइ २/२ वटा कोठामा बाँडिएको, प्रत्येक कोठामा करिब १२ बाखा अट्ने हुने,
- ✓ बाखा निकाल्न र राख्नका लागि दायाँ बायाँको भित्तामा २/२ गरि जम्मा ४ ढोकाको व्यवस्था गरिएको,
- ✓ गाडीमा प्राथमिक उपचार बक्साको व्यवस्था औषधि तथा सामाग्री सहित भएको ।